# Peace Corps NEPAL

Newsletter | June 2026 | Issue: 7



**Namaste from Peace Corps/Nepal** 🙏

The first 6 months of 2026 brought a fresh wave of new energy and excitement to Peace Corps Nepal. In January, 51 new two-year Volunteers arrived, completed Pre-Service Training (PST), and swore-in to service in late March. Additionally, in May, a group of eight specialized Response Volunteers completed orientation and started their assignments. The swearing-in of 59 new Volunteers renewed our commitment to our Training Community in Panauti, expanded our placements for Response PCV to Tribhuvan University's Institute of Forestry campus in Hetauda, and the homestay communities of Thini in Gandaki Province. March also marked a record of achievement in language training as 88. % of our 51 N211 Trainees reached a level of Intermediate-Mid or above in on their Nepali Language Proficiency Interviews by the end of PST. April's major highlight was the success of our two Mid-Service Conferences (in Dhulikhel and Pokhara) that brought together N210 Volunteers and  74 counterparts from 6 districts to showcase the advancement of their capacity in both technical and soft skills. We observed a Counterparts from every district we serve speak proudly, sing beautifully and testify to the powerful connections they have built while working and living side-by-side with their volunteers. Additionally, we said a heartfelt farewell to seven members of Volunteers Group N209 who completed their two-year assignments in March 2026. Most of these new RPCVs are off to graduate school and exploring employment in the U.S. Currently, 97 Peace Corps Volunteers are partnering with the local communities and schools to address locally identified challenges in the Agriculture, Environment & Eco-tourism, and Education sectors. Peace Corps Nepal is standing strong and moving forward as we prepare to expand our next N212 cohort to sites in Dhankuta, Terhathum, and Dolakha districts in 2027. Wish us luck! As always, we will keep you posted and are deeply appreciative of your ongoing support.

**Dr. Qimmah Najeeullah,**
*Acting Country Director, Peace Corps/Nepal*

## NR3 Arrival and Swearing-In

In May, eight new Response Volunteers swore in. They will serve as Field Research Specialists and Lab Technical Experts across Tribhuvan University campuses, and as Eco-Tourism Promotion Volunteers in tourism-based rural communities.



## N211 Arrival and Swearing-In

In late-March, 51 new Volunteers officially swore in, joining the more than 4,000 Americans who have served as Peace Corps Volunteers in Nepal since the program began in 1962. For the next two years, these Volunteers will collaborate with community forest user groups, teach English in government schools, and work with farmers' groups to improve food security. We are grateful to Director General Madam Durapada Sapkota of the Department of Consular Services for serving as our Guest of Honor for the event.



## Visit from U.S. Embassy Leadership

Charge d'Affaires Scott Urbom visited Volunteers in Arghakhanchi. Peace Corps Volunteers in our furthest district had the privilege of receiving Charge d' Affaires Urbom during late April of this year. The lucky six volunteers and members of their host families and local community had the opportunity to engage with the Charge d' Affaires, sharing their progress in integration, Nepali Language development, technical work, and their future plans for the remainder of their service. As a Return Volunteer himself, Mr. Urbom truly enjoyed interacting with volunteers "at home" and we are deeply grateful for his continuing and enthusiastic support of our programs.





## MoAFE Renews MOU for Agriculture Project

Peace Corps Nepal and Ministry of Agriculture, Forest, and Environment (MoAFE) signed a Memorandum of Understanding (MoU) for 5-Year Agriculture Project on June 3, 2026 in Kathmandu. This understanding ensures the seamless continuation of the Peace Corps agriculture project -a vital initiative that began in 2013 when the Peace Corps resumed its program in Nepal. Attended by Secretary, Dr. Rajendra Prasad Mishra and Joint Secretary, Dr. Hari Bahadur KC, the renewed milestone deepens our shared commitment to transforming lives through grassroots development and strengthened our path for the next five years.









TRAINING
## HIGHLIGHTS

## N210 Mid-Service Conference (MSC)

The N210 Mid-Service Conference brought together 37 Volunteers and 74 Counterparts for reflection, learning, and renewed commitment in Pokhara and Dhulikhel. This shift from a Mid Service Training to a Mid Service Conference aims to better support Counterpart capacity building and leadership.








## Highlights from Volunteer Service in Nepal



Volunteer Profile: Bhuwan
**Bhuwan: Featured Volunteer Profile from Bhuwan S.**
*tinyurl.com/m8ufd423*



Volunteer Article: Prashil
**Promoting digital literacy in Nepal**
*tinyurl.com/mrxryr2a*

## Snapshots of Volunteer Life: From Monsoon Days and Orchard Planning to Dal Bhat Evenings



*Volunteer Siena enjoying Dal Bhat the Nepali way.*



*Volunteer  Liz and counterparts visit the planting site of their mango tree orchard and discuss details*



*Volunteer River taking in his drying clothes during monsoon rain*

संवादपत्र | जून २०२५ | अङ्क : ७



**पीसकोर/नेपालतर्फबाट नमस्ते 🙏**

सन् २०२६ को पहिलो ६ महिनाले पीसकोर नेपालमा नयाँ ऊर्जा र उत्साहको लहर ल्याएको छ । जनवरीमा दुई वर्षको लागि ५१ नयाँ स्वयंसेवकहरू आइपुगे । सेवा-पूर्व तालिम पूरा गरे र मार्चको अन्त्यमा सेवाको लागि सपथ ग्रहण गरे । यसका अतिरिक्त मे महिनामा आठ जना रेस्पोन्स विशेषज्ञ स्वयंसेवकहरू सम्मिलित समूहले अभिमुखीकरण पूरा गरी आफ्नो कार्यभार सम्हाले।५९ जना नयाँ स्वयंसेवकहरूको सपथ ग्रहण गरेपछि पनौतीस्थित हाम्रो प्रशिक्षणले समुदायसँग हाम्रो सम्बन्ध सुदृढ भएको छ, जसले त्रिभुवन विश्वविद्यालयको वन विज्ञान अध्ययन संस्थान हेटौँडा क्याम्पस र गण्डकी प्रदेशको ठिनीका होमस्टे समुदायहरूमा हाम्रा रेस्पोन्स स्वयंसेवक (PCV) हरूको नियुक्तिलाई विस्तार गरेको छ । मार्च महिना भाषा प्रशिक्षणमा पनि उपलब्धिको कीर्तिमानी महिना रह्यो किनकि हाम्रा ५१ जना N211 प्रशिक्षार्थीहरूमध्ये ८८ प्रतिशतले पूर्व-सेवा तालिम (PST) को अन्त्यसम्ममा आफ्नो नेपाली भाषाको अन्तर्वार्तामा 'इन्टरमिडियट-मिड' वा सोभन्दा माथिको स्तर हासिल गरे । अप्रिलको प्रमुख आकर्षण हाम्रा दुईवटा मध्य-सेवाकालीन सम्मेलनहरू हो, जुन धुलिखेल र पोखरामा सफलताका साथ सम्पन्न भयो थियो, यसमा ६ जिल्लाका N210 समूहका स्वयंसेवकहरू र ७४ जना सहकर्मीहरूले आफ्नो प्राविधिक र व्यावहारिक सीपको क्षमता विकास र प्रदर्शन गर्ने मौका पाएका थिए । हामीले सेवा पुऱ्याइरहेका प्रत्येक जिल्लाका सहकर्मीहरूले गर्वका साथ बोलेको, सुमधुर स्वरमा गाएको र आफ्ना स्वयंसेवकहरूसँगसँगै बसेर काम गर्दै बलिया सम्बन्धहरूको निमार्ण भएको हामीले महसुस गर्यौं । साथै, मार्च २०२६ मा आफ्नो दुई वर्षे कार्यभार पूरा गरेका N209 समूहका सात स्वयंसेवकरूले हामीले भावपूर्ण बिदाइ गर्‍यौँ । सेवा समाप्त भएका यी स्वयंसेवकहरू स्नातकोत्तर अध्ययनका लागि जाँदैछन् र अमेरिकामा रोजगारीको खोजी गरिरहेका छन् । हाल ९७ जना पीसकोर स्वयंसेवकहरू कृषि, वातावरण तथा पर्यावरण पर्यटन र शिक्षा क्षेत्रमा स्थानीय रूपमा पहिचान गरिएका चुनौतीहरूलाई सम्बोधन गर्न स्थानीय समुदाय र विद्यालयहरूसँग साझेदारी गरिरहेका छन् । सन् २०२७ मा नयाँ जिल्लाहरु धनकुटा, तेह्रथुम र दोलखामा N212 समूहलाई विस्तार गर्ने तयारी गरिरहँदा पीसकोर नेपाल दृढताका साथ उभिएर अगाडि बढिरहेको छ । हामीलाई शुभकामनाको आवश्यक छ ! सधैँझैं हामी तपाईंहरूलाई जानकारी गराइरहनेछौँ र तपाईंहरूको निरन्तर सहयोगप्रति गहिरो आभार व्यक्त गर्दछौँ ।

**डा. किमाह नजीउल्लाह,**
*कार्यवाहक राष्ट्रिय निर्देशक, पीसकोर/नेपाल*

## NR3 को आगमन र सपथ ग्रहण

मे महिनामा आठ जना नयाँ रेस्पोन्स स्वयंसेवकहरूले सपथ ग्रहण गरे । उनीहरूले त्रिभुवन विश्वविद्यालयका क्याम्पसहरूमा क्षेत्र अनुसन्धान विशेषज्ञ र प्रयोगशाला प्राविधिक विशेषज्ञको रूपमा र पर्यटनमा आधारित ग्रामीण समुदायहरूमा पर्यावरण पर्यटन प्रवर्द्धन स्वयंसेवकको रूपमा सेवा गर्नेछन् ।



## N211 को आगमन र सपथ ग्रहण

सन् १९६२ मा कार्यक्रम सुरु भएदेखि नेपालमा पीसकोर स्वयंसेवकको रूपमा सेवा गरेका ४,००० भन्दा बढी अमेरिकीहरूको सूचीमा सामेल हुँदै, मार्चको अन्त्यमा ५१ नयाँ स्वयंसेवकहरूले आधिकारिक रूपमा सपथ ग्रहण गरे । आगामी दुई वर्षसम्म, यी स्वयंसेवकहरूले सामुदायिक वन उपभोक्ता समूहहरूसँग सहकार्य गर्नेछन्, सरकारी विद्यालयहरूमा अङ्ग्रेजी शिक्षण गर्नेछन्, र खाद्य सुरक्षा सुधार गर्न कृषक समूहहरूसँग मिलेर काम गर्नेछन् । यस कार्यक्रममा प्रमुख अतिथिको रूपमा उपस्थित भइदिनुभएकोमा हामी कन्सुलर सेवा विभागकी महानिर्देशक श्री दुरपदा सापकोटाप्रति आभारी छौँ ।



## अमेरिकी दूतावासको नेतृत्वबाट भ्रमण

कार्यवाहक राजदूत (Charge d'Affaires) महामहिम स्कट अर्बामज्यूले अर्घाखाँचीमा स्वयंसेवकहरूलाई भेट्नुभयो । हाम्रो सबैभन्दा टाढाको जिल्लामा रहेका पीसकोर स्वयंसेवकहरूले यस वर्षको अप्रिलको अन्त्यमा कार्यवाहक महामहिम राजदूत अर्बामज्यूलाई स्वागत गर्ने अवसर प्राप्त गरे । ती भाग्यशाली छ जना स्वयंसेवकहरू र उनीहरूका नेपाली परिवार तथा स्थानीय समुदायका सदस्यहरूले कार्यवाहक महामहिम राजदूतज्यूसँग अन्तरक्रिया गर्ने अवसर पाए जहाँ उनीहरूले यहाँको जनजीवनमा घुलमिल हुने प्रक्रिया, नेपाली भाषाको विकास, प्राविधिक कार्य र आफ्नो बाँकी सेवा अवधिका लागि भविष्यका योजनाहरूबारे जानकारी बाँड्ने अवसर पाए । आफैं पनि एक पूर्व स्वयंसेवक भएको नाताले महामहिम अर्बामज्यूले स्वयंसेवकहरूसँग उनीहरूकै "घरमा" अन्तरक्रिया गर्न पाउँदा निकै आनन्दित महसुस गर्नुभयो र हाम्रा कार्यक्रमहरूप्रति उहाँको निरन्तर र उत्साहजनक सहयोगका लागि हामी हृदयदेखि नै कृतज्ञ छौँ ।





## कृषि परियोजनाका लागि कृषि मन्त्रालयद्वारा सम्झौता-पत्र नवीकरण

पीसकोर नेपाल र कृषि, वन तथा वातावरण मन्त्रालय (MoAFE) बीच सन् २०२६ जुन ३ मा काठमाडौँमा ५ वर्षे कृषि परियोजनाका लागि सम्झौता-पत्र (MoU) मा हस्ताक्षर भयो । यस समझदारीले पीसकोर कृषि परियोजनाको निरन्तरता सुनिश्चित गर्दछ, यो एक महत्त्वपूर्ण पहल थियो जुन सन् २०१३ मा पीसकोरले नेपालमा आफ्नो कार्यक्रम पुनः सुरु गर्दा थालनी गरिएको थियो । सचिव डा. राजेन्द्रप्रसाद मिश्र र सहसचिव डा. हरिबहादुर केसीको उपस्थितिमा सम्पन्न यस नवीकरणले तल्लो तहको विकासमार्फत जनजीवन परिवर्तन गर्ने हाम्रो साझा प्रतिबद्धतालाई अझ गहिरो बनाएको छ र आगामी पाँच वर्षका लागि हाम्रो बाटोलाई सुदृढ गरेको छ ।









तालिमका
**आकर्षणहरू**

### N210 मध्य-सेवाकालीन सम्मेलन (MSC)

N210 मध्य-सेवाकालीन सम्मेलन पोखरा र धुलिखेलमा सम्पन्न भयो । यसमा ३७ जना स्वयंसेवक र ७४ जना सहकर्मीहरुले एकै ठाउँमा भेला भई आफ्नो समीक्षा, सिकाइ र प्रतिबद्धताहरुको नविकरण गराए । मध्य-सेवाकालीन तालिमबाट मध्य-सेवाकालीन सम्मेलनमा गरिएको यो परिवर्तनको उद्देश्य सहकर्मी क्षमता विकास र नेतृत्वलाई अझ प्रभावकारी रूपमा सहयोग पुऱ्याउनु हो ।








## नेपालमा स्वयंसेवक सेवाका आकर्षणहरू



स्वयंसेवक प्रोफाइल : भुवन

भुवन : भुवन एस. को विशेष स्वयंसेवक प्रोफाइल

*tinyurl.com/m8ufd423*



स्वयंसेवकको लेख : प्रशील

नेपालमा डिजिटल साक्षरताको प्रवर्द्धन

*tinyurl.com/mrxryr2a*

## स्वयंसेवक जीवनका झलकहरू : मनसुनका दिनहरू र बगैंचा योजनादेखि दालभातका साँझहरूसम्म



स्वयंसेवक सिएना नेपाली शैलीमा दालभातको आनन्द लिँदै ।



स्वयंसेवक लिज र सहकर्मीहरू आफ्नो आँपको बगैंचा वृक्षारोपण क्षेत्रको भ्रमण गर्दै र विस्तृत विवरणहरूबारे छलफल गर्दै ।



मनसुनको वर्षामा स्वयंसेवक रिभर सुकाइएका लुगा उठाउदै ।